**चम्पादेवी गाँउपालिका, ओखलढुंगा**
**१ नं. प्रदेश, नेपाल**

# स्थानीय राजपत्र

**खण्ड ३, संख्या १ मिति: २०७७।०२।१०**

## भाग २

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ को उपदफा १ बमोजिम चम्पादेवी गाउँ कार्यपालिकाले स्वीकृत गरी जारी गरेको तल लेखिए बमोजिमको निर्देशिका सर्वसाधारणको लागि प्रकाशन गरिएको छ ।

**प्रमाणिकरण मिति : २०७७/०२/०८**

## चम्पादेवी गाउँपालिका बुहारी छात्रावृत्ती निर्देशिका, २०७७

**प्रस्तावना :**

चम्पादेवी गाउँपालिका क्षेत्र भित्र स्थायी रुपमा बसोबास भएका र यस क्षेत्र भित्र रहेका शैक्षिक संस्थामा अध्ययनरत वा अध्ययन गर्न ईच्छुक बुहारीहरुको

शैक्षिक अवस्थाको स्तरोन्नती गरि शिक्षा क्षेत्रमा सुधारात्मक परिवर्तन गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) एवं प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी चम्पादेवी गाउँपालिका गाउँकार्यपालिकाले मिति २०७७/०१/२८को बैठकबाट यो बुहारी छात्रवृत्ती सम्बन्धी निर्देशिका, २०७७ बनाई जारी गरेको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(१) यस निर्देशिकाको नाम "चम्पादेवी गाउँपालिका बुहारी छात्रवृति निर्देशिका, २०७७" रहेको छ ।

(२) यो निर्देशिका प्रमाणीकरण भएको मितिबाट लागु हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,

(क) "कार्यविधि" भन्नाले चम्पादेवी गाउँपालिकाको बुहारी छात्रवृति निर्देशिका २०७७ लाई सम्झनु पर्दछ ।

(ख) "गाउँपालिका" भन्नाले चम्पादेवी गाउँपालिका सम्झनु पर्दछ ।

(ग) "गाउँ कार्यपालिका" भन्नाले चम्पादेवी गाउँपालिकाको कार्यपालिका सम्झनु पर्दछ ।

(घ) "अध्यक्ष" भन्नाले चम्पादेवी गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्दछ ।

(ङ) "उपाध्यक्ष" भन्नाले चम्पादेवी गाउँपालिकाको उपाध्यक्षलाइ सम्झनु पर्दछ ।

(च) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले चम्पादेवी गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ ।

(छ) "वडा कार्यालय" भन्नाले चम्पादेवी गाउँपालिकाको वडा कार्यालयलाई सम्झनु पर्दछ ।

(ज) "वडा समिति" भन्नाले चम्पादेवी गाउँपालिकाको वडा समितिलाई सम्झनु पर्दछ ।

**३. उद्देश्य :**

यस निर्देशिकाको उद्देश्यचम्पादेवी गाउँपालिका क्षेत्र भित्र स्थायी रुपमा बसोबास भएका र यस क्षेत्र भित्र रहेका शैक्षिक संस्थामा अध्ययनरत वा अध्ययन गर्न ईच्छुक बुहारीहरुको शैक्षिक स्तरोन्नती गरि शिक्षा क्षेत्रमा सुधारात्मक परिवर्तन गर्ने ।

**४. छात्रवृत्तिकार्यक्रम सञ्चालन महिला, बालबालिका तथा समाजकल्याण इकाइ मार्फत हुनेछ ।**

**५. महिला, बालबालिका तथा समाजकल्याण इकाइको काम, कर्तव्य र अधिकारः**

(क) गाउँपालिका भित्र रहेका अध्ययनरत र अध्ययन गर्न इच्छुक बुहारीहरुको लगत वडा मार्फत संकलन गर्ने ।

(ख) परिस्थिति र आवश्यकता अनुसार छात्रावृत्ति मात्रा (प्याकेज) तय गर्ने ।

(ग) छात्रवृत्ति व्यवस्थापनको लागि जिम्मेवारी तोक्ने ।

(घ) आवश्यकता अनुसार अन्य कार्यहरु गर्ने ।

**६. बुहारी छात्रवृत्ति व्यवस्थापन तथा वितरण :**

(१) गाउँपालिका स्तरमा बुहारी छात्रवृत्ति वितरण कार्य बुहारी छात्रावृत्ति सञ्चालन महिला, बालबालिका तथा समाजकल्याण इकाइबाट तय भए बमोजिम हुनेछ ।

(२) वडा स्तरमा बुहारीहरुको लगत संकलन कार्य सम्बन्धित वडाको वडा अध्यक्षले संयोजन गर्ने गरी देहाय बमोजिम गरिनेछ :

(क) आफ्नो वडाभित्र रहेका एस. ई.ई. (एस.एल.सी.) उत्तिर्ण अध्ययन गर्न इच्छुक र अध्ययनरतबुहारीहरुको विवरण वडा समिती मार्फत अनुसूची १ बमोजिमको निवेदनसंकलन गर्ने ।

(ख)खण्ड (क) बमोजिमको निबेदनका साथमा अनुसूची २ अनुसारका कागजातहरु संलग्न हुनु पर्ने ।

(ग) टोलबाट प्राप्त विवरणलाई वडा अध्यक्षले एकिन गरी प्रमाणित गर्ने ।

(घ) खण्ड (ख) बमोजिम वडा अध्यक्षले प्रमाणित गरेका विवरण महिला, बालबालिका तथा समाजकल्याण इकाइ उपलब्ध गराउनु पर्नेछ ।

(ङ) खण्ड (ग) बमोजिम उपलब्ध विवरण महिला, बालबालिका तथा समाजकल्याण इकाइले छानबिन गरि प्रक्रिया पूराभएको देखिएमा मासिक रुपमा रु.५००/- बैंक खाता मार्फत उपलब्ध गराउने ।

७. छात्रावृत्ति पाउने बुहारीहरुले गाउँपालिका भित्र रहेका शैक्षिक संस्थामा अध्ययन गरेको हुनुपर्ने छ ।

८. यस कार्यविधिमा उल्लेख भएका कुरा यसै कार्यविधि अनुसार तथा अन्य कुराहरु गाउँपालिकाको प्रचलित कानून अनुसार हुनेछन् ।

९. यो कार्यविधिको व्याख्या, संसोधन तथा खारेजी गर्ने सम्पूर्ण अधिकार गाउँपालिकामा निहित रहने छ ।

# अनुसूची १

(निर्देशिकाको नियम ६ को उपनियम (२) को खण्ड (क) बमोजिम)

श्रीमान् वडाध्यक्षज्यू,
...... नं. वडा कार्यालय
चम्पादेवी गाउँपालिका, ओखलढुंगा

## *विषय: बुहारी छात्रवृत्ति उपलब्ध गरादिने सम्बन्धमा ।*

महोदय,

उपरोक्त सम्बन्धमा म श्री ................................................... को श्रीमती/बुहारी ......................................यस चम्पादेवी गाउँपालिकामा बसोवास गरिरहेको छु । म ................................................... शैक्षिक संस्थामा ......................... तहमा मिति ................................. देखि अध्ययनरत रहेको कुरा अवगत गराउदै यस गाउँपालिका बाट प्रदान गरिने बुहारी छात्रवृत्तिका लागी सिफारिस गराईदिनुहुन अनुरोध गर्दछु ।

निवेदक श्री ...................................... ले पेश गरेको निवेदन अनुसारको व्यहोरा सही साँचो हो । उक्त बुहारीलाई नियमानुसारको बुहारीछात्रवृत्ति उपलब्ध गराईदिनुहुन सिफारिस साथ अनुरोध छ ।

हस्ताक्षर : .............................

नाम थर : .........................................

पद : .................................................

वडा कार्यालय : ......................................

सम्पर्क नं. : ........................................

*निवेदक:*

नाम थर : ......................................

हस्ताक्षर : .......................................

वडा नं. : ........................................

टोल : ............................................

सम्पर्क नं. : .....................................

मिति : २०७...../........../........

# अनुसूची २

(निर्देशिकाको नियम ६ को उपनियम (२) को खण्ड (ख) बमोजिम)

बुहारी छात्रवृतिका लागि आवश्यक काजगातहरु :

१. नागरिक्ताको प्रतिलिपी

२. विवहादर्ताको प्रमाण-पत्रको प्रतिलिपि

३. भर्ना भएको रसिद

४. प्राचार्य/ प्रधानाध्यपकको सिफारिस

**आज्ञाले,**

सरोज थापा

नि.प्रमुख प्रशासकीय अधिकृत